# आर्थिक विधेयक २०७९

छविस पाथिभेरा

छविस पाथिभेरा गाउँपालिका, ब्याँसी
सुदूरपश्चिम प्रदेश नेपाल
२०७९

## छविस पाथिभेरा गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

### गाउँ कार्यपालिकावाट स्वीकृत मितिः २०७९।०३।९

**प्रस्तावनाः**

छविस पाथिभेरा गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथाशुल्क संकलनगर्ने, छुटदिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को (२) उपधारा बमोजिम छविस पाथिभेरा गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्तनाम र प्रारम्भ** : (१) यस ऐनको नाम"आर्थिक ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि छविस पाथिभेरा गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. भुमितथा घरजग्गाको मालपोतकर** :गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम मालापोत कर लगाइने र असूलउपर गरिनेछ ।

**३. घर वहाल कर** :गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिवा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गावहाल कर लगाइने र असूलउपर गरिनेछ ।

**४.व्यवसाय कर** :गाउँपालिका क्षेत्र भित्रव्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम कर लगाइने र असूलउपर गरिनेछ ।

**५. जडिबुटी, कवाडी र जीवजन्तु कर** :गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लागइने र असूलउपर गरिनेछ ।

**६. सवारी साधन कर** :गाउँपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असूलउपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**७. विज्ञापन कर** : गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूलउपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **मनोरन्जन कर** :गाउँपालिका क्षेत्र भित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असूलउपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **बहाल बिटौरी शुल्क** : गाउँपालिका क्षेत्र भित्र हुने आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) माउल्लेख भएअनुसार हाट बजार वापसलमा सोही अनुसूचिमाभएको व्यवस्थाअनुसार बहाल विटौरी शुल्कलगाइने र असूलउपर गरिनेछ ।

१०. **पार्किङ शुल्क** :गाउँपालिका क्षेत्रभित्रकुनै सवारी साधनलाई पार्किङ उपलब्ध गराएबापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूलउपर गरिनेछ ।

११. **ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जीजम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क** :गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिप फ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (११) बमोजिम शुल्क लगाइने र असूलउपर गरिनेछ ।

१२. **सेवाशुल्क, दस्तुर** :गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूलउपर गरिनेछ ।

१३. **पर्यटन शुल्क** :गाउँपालिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि (१३) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असूलउपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. **कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइनेछैन । तर असहाय, अशक्त तथा आर्थिक रुपले अत्यन्तै विपन्नवर्गलाई सेवा शुल्कमा विशेष छुट गर्न सकिनेछ ।

१५. **कर तथा संकलन सम्बन्धीकार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूची १

# आ.व. : ०७९/८०को करको प्रस्तावितदर

## १.भुमि कर /मालपोत

| क .स. | जग्गाको क्षेत्रफल | अवल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|---|
| १ | ५ रोपनी सम्मको लागी एक मुष्ट | रु.८५। | ६५। | ४५। | २५। |
| २ | ५ रोपनीभन्दा वढी प्रत्येक १ रोपनीको लागीथप | रु.२०। | १५। | १५। | १०। |

## २. घर कर

| | | | |
|---|---|---|---|
| १ | पक्की घर १ तले | पक्की घर २तले | पक्की घर ३तले |
| | २००। | २५०। | ३००। |
| २ | कच्ची करकट पालाले छायको १ तले | कच्ची करकट पालाले छायको २ तले | कच्ची करकट पालाले छायको ३ तले |
| | रु.१००। | १५०। | २००। |
| ३ | कच्चीसिलेटले छायको १ तले | कच्चीसिलेटले छायको २ तले | कच्चीसिलेटले छायको ३ तले |
| | १००। | १५०। | २००। |
| ४ | कच्ची खरले छायको १ तले | कच्ची खरले छायको २ तले | कच्ची खरले छायको ३ तले |
| | ५०। | १००। | १५०। |

अनुसूची३

### घर जग्गावहाल कर:

जस्तो सुकै घर, भवन, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गावापोखरी पुरै वाआंशिकतवरले भाडामा दिएको भएतापनिकुलवहाल रकमको १० प्रतिशतवा (संघीय सरकारले तोके अनुसार) का दरले वहाल कर लाग्ने छ ।

अनुसूची ४

## व्यवसाय करः

| सि.नं. | व्यवसायको प्रकार | कारोवारको अवस्था | करको दर ( वार्षिक) रु. | कैफियत |
|---|---|---|---|---|
| १ | होटल व्यवसाय | वार्षिक ३लाख सम्मको कारोवार हुने | १०००.०० | |
| | | वार्षिक ३ लाख देखि ५ लाख सम्मको कारोवार हुने | १५००.०० | |
| | | वार्षिक ५ लाखभन्दा वढी कारोवार हुने | २०००.०० | |
| २ | हार्डवेयर तथा सेनेटरी | वार्षिक ५ लाख सम्मको कारोवार हुने | २०००.०० | |
| | | वार्षिक ५ लाखभन्दा वढी कारोवार हुने | २५००.०० | |
| ३ | कपडा तथा फेन्सी (विक्रीवितरण) | वार्षिक ३ लाख सम्मको कारोवार हुने | १५००.०० | |
| | | वार्षिक ३ लाखभन्दा वढी कारोवार हुने | २०००.०० | |
| ४ | कस्मेटिक तथा व्युटीपार्लर | वार्षिक २ लाख सम्मको कारोवार हुने | १०००.०० | |
| | | वार्षिक २ लाखभन्दा वढी कारोवार हुने | १५००.०० | |
| ५ | मदिरा विक्रीवितरण | वार्षिक २ लाख सम्मको कारोवार हुने | ५०००.०० | |
| | | वार्षिक २ लाखभन्दा वढी कारोवार हुने | १००००.०० | |
| ६ | प्लास्टिक तथा भाडा पसल | वार्षिक २ लाख सम्मको कारोवार हुने | १०००.०० | |
| | | वार्षिक २ लाख देखि ५ लाख सम्मको कारोवार हुने | १५००.०० | |
| | | वार्षिक ५लाखभन्दा वढी कारोवार हुने | २०००.०० | |
| ७ | उपभोग्य सामाग्री/ किरानापसल | वार्षिक २ लाख सम्मको कारोवार हुने | १५००.०० | |
| | | वार्षिक २ लाखभन्दा वढी कारोवार हुने | २५००.०० | |
| ८ | फ्रेस हाउस सञ्चालन | वार्षिक २ लाख सम्मको कारोवार हुने | १०००.०० | |
| | | वार्षिक २ लाखभन्दा वढी कारोवार हुने | १५००.०० | |
| ९ | सुनचादी / ज्वेलरी | वार्षिक १० लाख सम्मको कारोवार हुने | २५००.०० | |
| | | वार्षिक १० लाखभन्दा वढी कारोवार हुने | ४०००.०० | |
| १० | फर्निचर उद्योग/ विक्रीवितरण | वार्षिक ३ लाख सम्मको कारोवार हुने | २०००.०० | |
| | | वार्षिक ३ लाखभन्दा वढी कारोवार हुने | २५००.०० | |
| ११ | ईलेक्ट्रीक तथा ईलेक्ट्रोनिककारोवार | वार्षिक २ लाख सम्मको कारोवार हुने | १०००.०० | |
| | | वार्षिक २ लाखभन्दा वढी कारोवार हुने | १५००.०० | |
| १२ | मोटर वर्कसप | वार्षिक २ लाख सम्मको कारोवार हुने | १०००.०० | |
| | | वार्षिक २ लाखभन्दा वढी कारोवार हुने | १५००.०० | |
| १३ | व्यवसायीक कृषितथापशुपालन | वार्षिक २ लाख सम्मको कारोवार हुने | ५००.०० | |
| | | वार्षिक २ लाखभन्दा वढी कारोवार हुने | १०००.०० | |
| १५ | मथिकादुई वा सो भन्दा वढी मिश्रीत कारोवार गर्ने | ईजाजतप्राप्तमूख्यकारोवारको लागिमाथितोकिएवमोजिमहुने र थपप्रत्येक कारोवारकालागिमाथितोकिएको न्यूनतम दरको ५० % का दरले वढ्दै जाने । | | |
| १६ | पानीघट्ट सञ्चालन | ३ महिना सम्म रु १५०, ६ महिना रु. २००, बर्षै भरि चल्नेलाई रु. २५० | | |

| | | |
|---|---|---|
| १७ | दहत्तर बहत्तर | वालुवाप्रति ट्रलि रु ५००। प्रति ट्रक रु १२००, ढंगा प्रति चट्टा रु १००। |
| १८ | (घ) वर्गको ठेक्कानविकरण प्रतिलीपीतथाइजाजत | क) असोज मसान्तभित्रनविकरण गर्दा रु १०००। नवीकरण शूल्क र थप रु २०००।स्थानियबिकास बिकास शूल्क ।<br>ख) असोज देखि चैत्र मसान्तभित्र रु २०००। नवीकरण शूल्क र थप रु २०००।स्थानियबिकास शूल्क ।<br>ग) प्रत्येकनयां इजाजतदिदा रु १०००। इजाजतशूल्क र थप रु ९०००। स्थानियविकास शूल्क<br>घ) प्रतिलिपिवाफत रु१०००।<br>ङ) इजाजतनामसारी वापत रु ५०००। |

| | | |
|---|---|---|
| १९ | खोटो संकलन गरीनिकासीप्रतिकिलो | १। |
| २० | नया गैसस दर्ता सिफारि दस्तुर | १५००। |
| २१ | गैसस नविकरण सिफारिस दस्तुर | |
| २२ | क) १० लाख सम्मकारोवार | १०००। |
| | ख) १० लाख देखि ५० लाख सम्मकारोवार | १५००। |
| | ग) ५० लाख देखि १ करोड सम्मकारोवार | ५०००। |
| | ग) १ करोड भन्दामाथिको कारोवार | १००००। |
| | खानेपानी सिंचाई तथाजलश्रोत मुहानदर्ता नया | १५००। |
| २३ | खानेपानी सिंचाई तथाजलश्रोत मुहानदर्ता नबिकरण | १५००। |

यस्तो कर व्यवसायदर्ता र वार्षिक नविकरण गर्दा असुलगरिनेछ ।

अनुसूची ५

**जडिवुटी, कवाडी र जीवजन्तु,खानीतथाखनिजजन्य**

| क.सं. | मालसामान | प्रति ईकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | यार्चागुम्वा | के.जी. | ५,०००.०० | |
| २ | वनलसुन | के.जी. | १०००.०० | |
| ३ | सतुवा | के.जी. | २००.०० | |
| ४ | गुच्छे च्याउ | के.जी. | ५००.०० | |
| ५ | जटामसी | के.जी. | ५०.०० | |
| ६ | पाषणवेद | के.जी. | ५.०० | |
| ७ | कुरिलो | के.जी. | ५.०० | |
| ८ | रातो च्याउ | के.जी. | २५०.०० | |
| ९ | चिराइतो | के.जी. | २५.०० | |
| १० | कटुकी | के.जी. | १००.०० | |
| ११ | पदमचाल | के.जी. | ५.०० | |
| १२ | निरविसि | के.जी. | ५.०० | |

| | | | | |
|---|---|---|---|---|
| १३ | गनाइलो | के.जी. | ५-०० | |
| १४ | सुगन्धवाल | के.जी. | ५-०० | |
| १५ | बनआलू | के.जी. | १००.०० | |
| १६ | अमला | के.जी. | ५.०० | |
| १७ | रिठा | के.जी. | ३.०० | |
| १८ | सेतकचिनी | के.जी. | ५.०० | |
| १९ | कुटानी पिसानी कर | प्रतिवर्ष | १०००.०० | |
| २० | लघु जलविद्युत | प्रतिकि वा. | १००.०० | |
| २१ | दालचिनी | के.जी. | ५.०० | |
| २२ | भटमास | के.जी. | २.०० | |

| क्र.सं. | **खानी तथा खनिजजन्य** | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | ढुंगा प्रति चठ्ठा | १५०.०० | |
| २ | गिटी तथावालुवाप्रतिवोरा | १०.०० | |
| ३ | माटो प्रतिबोरा | १०.०० | |

अनुसूची ६

सवारी साधन कर

क) वार्षिक दर्ता तथानविकरण

| क्र.सं. | सवारी साधननाम | दर्ता दर | नविकरण दर |
|---|---|---|---|
| १ | जीप | २००० | १५०० |
| २ | ट्याक्टर | २५०० | २००० |

**प्रत्येकमहिनाको कर**

| क्र.सं. | सवारी साधन | पटके दर | कैफियत |
|---|---|---|---|
| १ | जीप | रु. १०००.०० | प्रतिमहिना |
| २ | ट्याक्टर | रु १५०० | प्रतिमहिना |
| ३ | खच्चड कर | रु. २००।०० | प्रति खच्चड प्रतिवर्ष |

अनुसूची ७

## विज्ञापन कर १५ प्रतिशत

अनुसूची८

**मनोरञ्जन कर:**

| क्र.सं. | मनोरञ्जन सम्वन्धीमाध्यम | पटके दर | कैफियत |
|---|---|---|---|
| १ | पटके भिडियो देखाउनेको हकमा | रु. २५०.०० | प्रत्येक शोको लागि |
| | | | |

अनुसूची ९

वहाल विटउली कर

अनुसूची १०

पार्किङ कर

अनुसूची ११

ट्रेकिंङ कर

अनुसूची १२

सेवाशुल्क, दस्तुरः

| क.सं. | सेवाको प्रकार | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | नागरिकतासिफारिस | १००.०० | |
| २ | नागरिकताप्रतिलिपीसिफारिस | २००.०० | |
| ३ | पेन्सनपट्टानामसारी सिफारिस | ३००.०० | |
| ४ | जग्गानामसारी | ५००.०० | |
| ५ | चारकिल्ला प्रमाणित | ५००.०० | |
| ६ | धितो मूल्याङ्कन/सम्पत्तिमूल्याङ्कन | ०.१% | कुल रकमको |
| ७ | आर्थिक सहायतता, छात्रवृत्तिसिफारिस | निशुल्क | |
| ८ | वन्दुकनविकरण | ५००.०० | |
| ९ | नाता प्रमाणित | ५००.०० | |
| १० | अन्यसिफारिस नेपालीमा | १००.०० | |
| ११ | योजनासिफारिस | | |
| क) | संघीय सरसकारमासिफारिस | ३०० | |
| ख) | प्रदेश सरकामासिफारिस | २०० | |
| ११ | अंग्रेजीसिफारिस/विदेश जाने प्रयोजनको लागिसिफारिस | ५००.०० | |
| १२ | ३५ दिन पछिको पञ्जिकरण दर्ता | १५०. | |
| १३ | पुर्वप्राथमिकविद्यालयखोल्ने सिफारिस र अनुमतिदिने | २०००.०० | |
| १४ | विद्यायलकक्षाथपगर्ने सिफारिस गर्ने | १०००.०० | |
| १५ | वैवाहिकअंगिकृत नागरिकतासिफारिस गर्ने | १०००.०० | |
| १६ | विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने | १०००.०० | |
| १७ | नामसारी गर्न सिफारिस गर्ने | ५००.०० | |
| १८ | जग्गाको हक सम्बन्धीसिफारिस गर्ने | १५०.०० | |

## योजना संचालनमासिफारीस तथासेवाशुल्क

३ लाख सम्मको योजनाको लागीसिफारीस सेवाशुल्क रु. ३००।

५ लाख देखि १० लाख सम्मको लागीसिफारीस सेवाशुल्क रु. ५००।

१० लाख देखि २० लाख सम्मको लागीसिफारीस सेवाशुल्क रु. १०००।

२० लाख देखि ४० लाख सम्मको लागीसिफारीस सेवाशुल्क रु. १५००।

४० लाख देखि ६०लाख सम्मको लागीसिफारीस सेवाशुल्क रु. २०००।

६० लाख देखि १ करोड सम्मको लागीसिफारीस सेवाशुल्क रु. ३०००।

१ करोड भन्दामाथीकोलागीसिफारीस सेवाशुल्क रु. ५०००।

निकासीकर

भैसी/राँगानिकासी कर प्रतिगोटा रु.१०००।

दर्तातथानवकिरण शुल्क

वहुउद्देशिय सहकारी संस्थादर्ता शुल्क रु.२५००।

नविकरण शुल्क रु. २०००।

कृषि सहकारी दर्ता रु. २०००।

नविकरणशुल्क रु. १५००।

ऋणतथावचत सहकारी संस्थादर्ता रु. २०००।

नविकरण रु. १०००।

कृषक समुहदर्ता रु. १५००।

नविकरणशुल्क रु. ५००।

बनदर्ता शुल्क रु ५०००।

अनुसूची १३

पर्यटन शुल्क

समाप्त

# भुमिका

छविसपाथिभेरा गाउँपालिकाको आर्थिक विकास र समृद्धिकालागी अ।.व. ०७९/०८०को बार्षिक बजेट तथा कार्यक्रमको तयारीकालागि गाउपालिका क्षेत्रभित्र परिचालन गर्न सकिने राजश्वका श्रोतदर र दायरा समेतको विश्लेषण गर्न स्थानिय तहको येजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ बमोजिम राजश्व परामर्श समिति गठन भै उक्त समितिको परामर्शको अधिनमा रही बार्षिक आन्तरीक राजश्व अनुमान गर्न सहजिकरणका लागी गठित यस समितिले विभन्न विज्ञ, सदश्यहरू, विषयगत शाखा तथा गत विगतको यस गा.पा.को अन्तरीक राजश्वको विष्लेषण गरी आगामी आ.व. ०७९/०८०को लागी विभिन्न कर का दायरा तयार पारेको छ ।

आगामि आ.व. २०७९/०८०का लागी पेश हुन गई रहेको यस छविस पिथभेरा गाउँपालिकाको बार्षिक बजेटले समन्यायिक कर प्रणालीलाई सबै क्षेत्रमा करको असुलीमा प्रभावकारीता ल्याई कार्यान्वियन योग्य बनाउने छ भनने हेतुले यो प्रतिवेदन तयार पारिएको हो । यस प्रतिवेदनले छविसपाथिभेरा गाउँपालिकाको दिगोविसका लागी सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु ।

यो प्रतिवेदन तयार गर्न सहयोग गर्नुहुने तथा अमुल्य सुझाव प्रदान गर्नुहुने यस समितिका सदस्य ज्युहरू, विभिन्न विषयका विज्ञ महानुभावहरूलाई विशेष धन्यवाद दिन चाहनछु । धन्यवाद

प्रतिवेदक

राधिका कुमारी रताला

संयोजक

राजश्व परामर्श समिति छविसपातिभेरा गाउँपालिक

ब्यासी बझांग

## राजश्व परामर्श समितिका पदिथकारीहरू

| | |
|---|---|
| १.छविस पाथिभेरा गाउँपालिका उपाध्यक्ष श्री राधिका कुमारी रताला | संयोजक |
| २. प्रमुख प्रशासिकय अधिकृत श्री अम्मरराज जोशी | सदस्य |
| ३. वडा नं. ७का वडा अध्यक्ष श्री पदम वहादुर मण्डेल | सदस्य |
| ४. कार्यपालीका सदस्य श्री निर्मला कुमारी अयडी | सदस्य |
| ५. लेखा प्रमुख | सदस्य सचिव |

### आमन्त्रित

श्री अक्कल वहादुर धामी -- गाउँपालिका अध्यक्ष

श्री लोकेन्द्र वहादुर ठगुन्ना -- वडा नं. ५ अध्यक्ष

श्री गगन वहादुर ऐडी - सूचना अधिकारी

श्री तेज वहादुर सिंह -- कम्प्युटर अपरेटर